# पार्टी एकता राष्ट्रिय अभियानको
# दोस्रो बैठकमा
# प्रस्तुत राजनीतिक प्रस्ताव

## प्रिय कमरेडहरु,

देशका विभिन्न भागमा रही पार्टी एकता राष्ट्रिय अभियानमा लागेर विभिन्न किसिमले भूमिका निर्वाह गर्दै आज यहाँ उपस्थित हुनुभएका कमरेडहरु र हाम्रो आमन्त्रण स्वीकार गरेर उपस्थित हुनु भएका अन्य कमरेडहरुलाई सर्वप्रथम म एकता राष्ट्रिय अभियानको संयोजकको हैसियतले हार्दिक स्वागत गर्दछु। यस अवसरमा नेपाली समाजको परिवर्तन र विकासका निम्ति आफ्नो जीवन उत्सर्ग गर्ने महान शहिदहरु प्रति श्रद्धासुमन प्रकट गर्नुका साथै नेपाली कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनमा ऐतिहासिक भूमिका निर्वाह गर्नुभएका श्रद्धेय पूर्वजहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।

हामी यहाँ पार्टी एकता राष्ट्रिय अभियानको विगतको समिक्षा र आगामी गन्तव्य सुनिश्चित गर्नका लागि भेला भएका छौं। नेपाल कम्युनिष्ट पार्टीको दोस्रो महाधिवेशन पछि विगठन र पूनर्गठनका अनेकौं घटनाहरुका साथै संसदीय र शान्तिपूर्ण जनसंघर्ष तथा सशस्त्र संघर्षका उथलपुथलपूर्ण अनेकौं अनुभव प्राप्त गर्दै २०७५ साल जेठ ३ गते ऐतिहासिक एकताबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का रुपमा विभाजित कम्युनिष्ट आन्दोलनलाई हामीले एकतावद्ध गरेर पुनः नेपाल कम्युनिष्ट पार्टीलाई खडा गरेका थियौं। तर एकता भएको केही समय पछि सरकार र पार्टी संचालनका सम्बन्धमा देखापरेका विभिन्न विचारधारात्मक समस्याहरुको समाधान हुन नसक्दा भर्खर पुनर्गठन भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन उन्मुख भयो। पार्टीका दुई अध्यक्षहरुको दुई समूह बनेर पार्टी विभाजन उन्मुख भएका बखत हामी दुबै समूहमा नलागी पुनः पार्टी एकता गराउने प्रयत्नमा लागेको विषय यहाँहरुलाई अवगत नै छ। पार्टी एकताकै निम्ति हामीले "पार्टी एकता राष्ट्रिय अभियान" नाममा यसलाई अगाडि बढाएका थियौं। तर एकताका अनेक प्रयत्नका वावजुद हामी सफल हुन सकेनौं। त्यतिकैमा सर्वोच्च अदालतको निर्णयबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित भई पुरानो अवस्थामा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का रुपमा पार्टीहरु पुनस्थापित भए। त्यसको केही समय पछि नेकपा (एमाले) विभाजन उन्मुख देखापर्‍यो। हामीले नेकपा (एमाले)लाई विभाजित हुनबाट रोक्न अनेकौं प्रयत्न गर्‍यौं। तर यसपटक पनि हाम्रो प्रयत्न सफल हुन सकेन। २०७८ साल भदौमा पुगेर नेकपा (एमाले) विभाजित भएर नेकपा (एकीकृत समाजवादी) नाममा अर्को पार्टी बन्यो। हामी त्यसरी फुटेका कुनै पार्टीमा रहन सक्ने अवस्था बनेन। यो एकता अभियानलाई पार्टी जस्तै संचालन गरिरहन पनि सकिएन। तर चारैतिर पुनः कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन सक्रिय भूमिकामा आउनु पर्छ भन्ने नैतिक दवाव विगत केही समयदेखि आउन शुरु

भयो। त्यसकै परिणाम स्वरुप आजको यो भेला आयोजित भएको हो। आज विकसित परिस्थितिले २०७७ साल फागुन २३ गते विभाजित भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई पुनर्गठन गर्ने अवस्था सृजना गरेको छ। परिस्थितिको यो बाध्यात्मक अवस्थालाई नेकपाका सबै घटकहरुले आत्मासाथ गर्न सक्दा हाम्रो अनुमान यथार्थमा परिणत हुन सक्ने छ।

उपरोक्त उद्देश्य प्राप्तिका निम्ति तत्काल प्रयत्न शुरु गर्न यो भेलाले पार्टी एकता समन्वय समिति निर्माण गर्ने निर्णय गर्नेछ। पार्टी एकता समन्वय समिति नेपाल कम्युनिष्ट पार्टीको एउटा समूहको रुपमा रहने छ। यसका सबै किसिमका दस्तावेजहरु नेपाल कम्युनिष्ट पार्टीका दस्तावेज सरह रहनेछन्। त्यसपछि यो अभियान पार्टी एकता समन्वय समितिमा रुपान्तरण हुनेछ। यस भेलाले समन्वय समितिले अवलम्बन गर्ने सिद्धान्त, नीति र विचारहरुका सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

## वर्तमान राजनीतिक परिस्थिति

नेकपा विभाजन पूर्व २०७७ पुष ५ र २०७८ जेठ ८ गते  गरी दुई पटक प्रतिनिधि सभा विघटन र दुबै पटक पुनस्थापना हुँदै नेकपा (एमाले) का अध्यक्ष केपी ओली नेतृत्वको सरकारको विघटन संगै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भयो। वर्तमान सरकार पाँच दलीय गठबन्धनको समर्थनमा संचालित भइरहेको यहाँहरुलाई स्पष्ट नै छ। यही सरकारले भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न गराएको छ। निर्वाचनमा नेकपा (एमाले) एकातिर र अर्कोतिर नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी र राष्ट्रिय जनमोर्चा सहितका पाँच दलीय गठबन्धन स्थानीय तहको निर्वाचनमा होमिएका थिए। पाँच दलीय गठबन्धन भएकै हुनाले यो निर्वाचनमा नेपाली कांग्रेस पहिलो, नेकपा एमाले दोस्रो, माओवादी केन्द्र तेस्रो, जसपा चौंथो र एकीकृत समाजवादी पाँचौ शक्तिका रुपमा देखापरेका छन्।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विभाजनकै कारण नेपाली कांग्रेस पार्टी स्थानीय तहको निर्वाचनमा पहिलो शक्ति बन्न सकेको स्पष्ट नै छ। त्यसो त नेकपा विभाजनकै कारण शेरबहादुर देउवाको नेतृत्वमा वर्तमान सरकार बनेको पनि हो। यस्तै अवस्था रहीरह्यो भने आगामी मंसिरमा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा पनि नेपाली कांग्रेस नै सबैभन्दा ठूलो पार्टीका रुपमा स्थापित हुने सहजै अनुमान गर्न सकिन्छ। फेरि कांग्रेस नेता शेर बहादुर देउवाजीको छैटौं पटक प्रधानमन्त्री बन्ने सपना पनि साकार

हुने देखिन्छ। तर विभाजित कम्युनिष्ट पार्टीहरुको चुनावी एकता मात्र पनि हुने हो भने निर्वाचनको परिदृष्य फरक हुनेछ।

नेपाली कांग्रेस पार्टी सुधारवादी पुँजीवादी पार्टी हो । नेपाली कांग्रेसले आफुलाई प्रजातान्त्रिक समाजवादी भने पनि यसले कहिल्यै समाजवादका निम्ति नत नीति नै अगाडि सार्‍यो न कार्यक्रम । वास्तविकतामा नेपाली कांग्रेस समाजवादी पार्टी होइन । त्यहीभएर कहिले पनि उसले समाजवादी कार्यक्रम अवलम्बन गरेन। वि.पी.कोइरालाको मृत्यू पछि नेपाली कांग्रेस र नेपालका कम्युनिष्ट पार्टीहरुका वीच अनेक पटक संयुक्त जनआन्दोलन र संयुक्त सरकारका अभ्यास भएका छन्। राजा ज्ञानेन्द्रको निरंकुशतन्त्रका विरुद्ध नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेसका वीचको कार्यगत एकताले गर्दा ऐतिहासिक जनसंघर्षले सफलता प्राप्त गरेको थियो । त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेसको कार्यगत एकताका कारण संविधान सभाबाट राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भएको थियो । त्यसपछि नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेसको संयुक्त सरकार भएका बखत संविधान सभाले समाजवाद उन्मुख सामाजिक आर्थिक रुपान्तरणबाट लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समृद्ध समाजवाद निर्माण गर्ने नेपालको संविधान जारि गर्‍यो। तर यी सबै घटनाक्रमहरुमा नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेस पार्टीका वीच कार्यगत एकता नभएको भए सफलता सम्भव थिएन। त्यसैगरी नेपालका कम्युनिष्ट पार्टीले र नेपाली कांग्रेससंग सहकार्य गर्दै अगाडि बढे पछि सबै जनसंघर्षहरु सफल भएका छन र नेपालमा युगान्तकारी परिवर्तन समेत सत्य सावित भएको छ। उपरोक्त घटनाक्रमहरुलाई आधार मान्दा नेपाली कांग्रेस पार्टीको वर्ग चरित्र दलाल नोकरशाही पुँजीपति वर्गको प्रतिनिधि संस्था हो भन्ने पहिलेका विश्लेषणहरु गलत सावित भएका छन्। वास्तवमा नेपाली कांग्रेस पार्टी राष्ट्रिय पुँजीपति वर्गको प्रतिनिधि संस्थाको रुपमा रहेको छ । अब पनि नेपालमा जे जति परिवर्तन र विकास गर्न पर्ने आवश्यकता पर्नेछ नेपाली कांग्रेससंग सहकार्य आवश्यक हुनेछ। तर नेपाली कांग्रेस पार्टीको पनि मूल चरित्र आमूल परिवर्तनकारी नभइ सुधारवादी रहेको छ। त्यसकारण देशमा अब पनि जति क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता पर्नेछ नेपाली कांग्रेस पार्टीको सहयोग र सहकार्य तर नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा मात्र सम्भव हुनेछ। त्यसोभएर सहकार्य गर्दा जहिले पनि कम्युनिष्ट पार्टीले नेपाली कांग्रेसका कमिकमजोरीका आलोचना र सवल पक्षलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुपर्छ । नेपाली कांग्रेसको नेतृत्वमा सरकार भएका बखत धेरै पटक राष्ट्रलाई नोक्सान पुग्ने कामहरु भएका छन्। यो पक्षलाई नेपाली कांग्रेससंग सहकार्य गर्दा कम्युनिष्टहरुले हेक्का राख्नुपर्छ।

केही समय पहिले शेरबहादुर जीको नेतृत्वमा रहेको गठबन्धन सरकारले व्याख्यात्मक घोषणा सहित बहुमतले एम सी सी सम्झौता संसद्बाट अनुमोदन गऱ्यो । एम सी सीले मुख्य गरी नेपालका दुई नदी प्रणाली कोशी र गण्डकीलाई प्रयोग गरी जलविद्युत उत्पादन गर्ने र भारत पुऱ्याउने ट्रान्समिशन लाइन निर्माण गर्ने हो । सम्झौतामा कोशी र गण्डकी क्षेत्रमा विकास गरिने संरचना निर्माण र परिचालन गर्दा भारतको सहमति चाहिने विषय पनि उल्लेख छ । विद्युत भारतलाई बेचेर नेपाल धनी हुने सपना यसमा रहेको छ । भर्खरै अर्को परियोजना SPP (राज्यका वीचको साझेदारी कार्यक्रम) मा नेपाली सेनाले सम्झौता गरिसकेको विषय बाहिर आयो । यो कार्यक्रम नेपाली सेनालाई सुदृढ, दक्ष र अत्याधुनिक अथवा शक्तिशाली बनाउने सित सम्बन्धित भनियो ।

उपरोक्त MCC र SPP संयुक्त राज्य अमेरिकाले आज भन्दा पहिले नै अगाढि बढाइ सकेका कुनै न कुनै रुपमा सैनिक गठबन्धनसंग सम्बन्धित रहेका छन् । उपरोक्त दुई संस्थालाई नेपालमा प्रवेश गराएर त्यही गठबन्धनमा सामेल गराउने रहेको छ । आजसम्म नेपाल कुनै सैन्य गठबन्धनमा सामेल भएको छैन । एम सी सी र एम सी सीसंगको सम्झौता नेपालको संसद्बाट अनुमोदन भइसकेको छ । सो अनुमोदन गर्दा एम सी सी सम्झौताको अंगको रुपमा १२ बुँदे व्याख्यात्मक घोषणालाई संसद्ले पारित गरेको छ । व्याख्यात्मक घोषणाले नेपाल पक्षलाई मात्र प्रतिवद्ध गराउन सक्छ । किनभने अमेरिकी सरकार र एम सी सीले व्याख्यात्मक घोषणामा आफ्नो प्रतिवद्धता जनाएका छैनन् । सन् १८१६ को घोर अपमानकारी सुगौली सन्धिका कारण नेपालले आफ्नो भूभागको दुईतिहाई हिस्सा गुमाउनु परेको थियो त्यो नेपालले आजसम्म पनि फर्काउन सकेको छैन । त्यस्तै सन् १९५० मा नेपाल र भारतका वीच भएको शान्ति र मैत्री नामको सन्धि पनि त्यस्तै अपमानकारी र असमान रहेको छ । यो सन्धिलाई पनि नेपालले आजसम्म केही गर्न सकेको छैन । यी ज्वलन्त उदाहरण हुन एकपटक आफ्नो अधिकार परित्याग गरे पछि महाशक्ति राष्ट्रबाट आफ्नो अधिकार पुनः प्राप्त गर्नु दुर्लभ परिकल्पना मात्र हुनेछ ।

SPP मा घुमाउरो तरिकाले नेपाल प्रवेश गरिसकेको विभिन्न तथ्यहरुले सावित गरेका छन् । MCC र SPP का सम्बन्धमा नेपाली कांग्रेस पार्टी अहिलेसम्मका उसको व्यवहारबाट सबभन्दा ठूलो भ्रममा रहेको देखियो । एम सी सीका पक्षमा नेपाली जनमत थिएन र अहिले पनि छैन तर नेपालका राजनीतिक पार्टीहरुले जनतालाई चुप लाग्न बाध्य पारेका छन् । SPP संग भएको सम्झौताका सम्बन्धमा सत्ताधारी गठबन्धनमा रहेका कम्युनिष्ट घटकहरुले त्यसबाट नेपाललाई फिर्ता हुने निर्णय गर्न प्रधानमन्त्री

शेरबहादुर देउवालाई बाध्य गराएकाले मन्त्रिपरिषद्बाट तद्नुरुप निर्णय भइसकेको छ। यसले गर्दा अहिलेलाई नेपाल सम्भावित महाशंकटबाट बच्ने अवस्था सृजना भएको छ। तर नेपाली कांग्रेसको नेतृत्वमा सरकार रहँदासम्म विकासको नाममा यस्ता खाले सम्झौतामा फेरि पनि नेपाल फस्ने सम्भावना त्यतिकै रहेको छ। गठबन्धनका कम्युनिष्ट पार्टीहरुले गठबन्धनमा रहँदासम्म संधै शर्तक भइरहनु पर्ने देखिन्छ।

उपरोक्त दुबै सम्झौतामा जस्ताको त्यस्तै नेपाल सामेल हुन परेको भए विगत ६६ वर्षदेखि अवलम्बन गर्दै आएको स्वतन्त्र, तटस्थ र असंलग्न परराष्ट्र नीति त्याग गरेर एउटा महाशक्तिसंग नेपाल टाँसिने अवस्था आउने थियो । त्यसो भएको भए नेपाल विश्व महाशक्ति राष्ट्रहरुका वीच प्रत्यक्ष वा परोक्ष हुनसक्ने युद्धको पृष्ठ भाग हुन बाध्य हुनुपर्दथ्यो। साथै विगत ७५ वर्षदेखि कायम नेपाल र संयुक्त राज्य अमेरिका वीचको मित्रतापूर्ण र घनिष्ट सम्बन्धमा ठूलो अवरोध सृजना हुने थियो।

एसीयाका दुई महाशक्तिका वीच नेपाल कमजोर भएर पनि आजसम्म स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न र स्वाशासित अवस्थामा बाँच्न सकेको यसले अवलम्बन गर्दै आएको स्वतन्त्र, तटस्थ र असंलग्न परराष्ट्र नीतिकै कारण हो। नेपाल एकीकरणका नायक राजा पृथ्वी नारायण शाहको पालादेखि नै नेपालले असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै आएको छ। यो नीतिलाई दोस्रो विश्वयुद्ध पछि ज्यादै ठूलो महत्वको विचारको रुपमा अगाडि सारिएको हो । नेपाल असंलग्न आन्दोलनको संस्थापक सदस्यका नाताले यो आन्दोलनमा अहिले पनि प्रतिवद्ध रहनुपर्दछ। किनकि असंलग्न परराष्ट्र नीति नेपालको अस्तित्वसंग सम्बधित रहेको छ। तर देउवा सरकारले जानेर वा नजानेर यति गम्भीर विषयलाई विचारै नगरी नेपाललाई महाशक्ति राष्ट्र पक्षधर बनाइ रहेको छ। रुस-युक्रेन युद्धमा गल्ति रुसकै देखिन्छ तर यसमा नेपालले तटस्थता असंलग्नता प्रकट गर्नुपर्नेमा अमेरिकी सरकारको रुस विरुद्ध राखेको प्रस्तावमा हस्ताक्षर गरेर नेपाललाई अमेरिकी पक्षधर देखाइयो । त्यस्तै दक्षिण एसियाको महाशक्ति राष्ट्र भारतलाई खुशी बनाउन त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीको लुम्बिनी भ्रमणका अवसरमा विचारै नगरी प्रधानमन्त्री शेरबहादुर देउवाले पश्चिम-सेती हाइड्रो प्रोजेक्ट भारतलाई प्रदान गर्न‘भयो। आज अगाडि अरु कतिपय परियोजनाहरु भारतले हात पारिसकेको छ तर परियोजना कार्यान्वयन भएका छैनन्। भारतको यो व्यवहारलाई हेर्दा उ नेपालको पानी माथि अग्राधिकार कायम गर्न चाहन्छ र परियोजना प्राप्त गरेको नाममा नेपालको पानी माथि कुनै न कुनै किसिमको अधिकार स्थापित गर्न चाहन्छ। प्रधानमन्त्री शेरबहादुर जीले बुझ्न नसकेको पक्ष यही हो । वर्तमान सरकारको यस किसिमको व्यवहार रहिरह्यो भने नेपाल अन्तर्राष्ट्रिय चक्रव्यूहमा फस्नेछ।

## प्रिय कमरेडहरु,

हामीले ऐतिहासिक एकीकरणबाट बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई विभाजित अवस्थामा पुऱ्याएर ऐतिहासिक भूल गरेका छौं । त्यसका निम्ति पार्टी नेतृत्व केन्द्रका रुपमा रहेको सचिवालयका ९ जना सदस्यहरु पार्टी विभाजनका मुख्य कारक रहेका छन् । अहिले पार्टी विभाजनका लागि एकले अर्कोलाई दोषी देखाएर आत्मरति त प्राप्त गर्न सकिएला नेपाललाई महासंकट उन्मुख रहेको अवस्थाबाट बाहिर ल्याउन सकिने छैन । पार्टी विभाजनमा कसैको केही बढि कसैको केही कमि भूमिका होला तर हामी कसैले पनि मेरो कुनै भूमिका छैन भन्न मिल्दैन । अहिले अत्यन्त जटिल बन्दै गइरहेका भूराजनीतिक अवस्थामा नेपाल राष्ट्रको रक्षा र जनताको समृद्धिका निम्ति नेपालका सबै राजनीतिक पार्टीहरु वीच एकतावद्ध समझदारी विकास गर्दै नेपाली जनतालाई एकतावद्ध गर्ने र समृद्धि प्राप्त गर्ने काम नेपाल राष्ट्रको मूख्य कार्यभार बनेको छ । त्यसका लागि सबभन्दा पहिले कम्युनिष्ट पार्टीहरुका वीच खासगरी नेकपाबाट विभाजित भएका नेकपा एमाले र नेकपा माओवादी केन्द्र तथा नेकपा एमालेबाट विभाजित भएको नेकपा (एकीकृत समाजवादी) र यिनै पार्टीबाट अलग भएर बनेका विभिन्न समाजवादी पार्टीहरु तथा अन्य कम्युनिष्ट पार्टी र समूहहरु खासगरी जनता समाजवादी पार्टी (जसपा) राष्ट्रिय जनमोर्चा वीच उपरोक्त कम्युनिष्ट तथा समाजवादी पार्टीहरुका वीच पार्टी एकता अथवा कार्यगत एकता आज नेपाल राष्ट्रको रक्षा र अग्रगमनका लागि पनि अपरिहार्य आवश्यकताका रुपमा देखापरेको छ । यो एकता प्राप्त नहुँदासम्म राष्ट्रका कुनै पनि समस्या समाधान हुन सक्ने अवस्था देखिन्न । तर उपरोक्त पार्टीहरु वीचको एकता पछि हाम्रो मुलुकका जटिल भन्दा जटिल समस्या समाधान हुँदै जानेछन् । त्यसपछि नेपालको हित चाहने तर एकतामा आउन नसकेका सबै राजनीतिक पार्टीहरुसंग कार्यगत एकता गर्न सम्भव हुनेछ। त्यसवेला भन्न सकिनेछ, नेपालको चौतर्फि विकास र समृद्धिका निम्ति सिंगो राष्ट्र एकतावद्ध भएको छ।

## आउनुहोस देशभक्त अग्रगामी दिदीबहिनी दाजुभाईहरु !

नयाँ नेपाल, समृद्ध नेपाल, विश्वव्यापी रुपमा इज्जत र प्रतिष्ठा प्राप्त गरेको नेपालका निम्ति एकतावद्ध बनौं, आफुसंग भएको श्रम सीप र बौद्धिक तथा आर्थिक स्रोत प्रयोग गरेर समृद्ध र स्वाधिन नेपाल निर्माण गरौं ! त्यसका लागि विभाजित नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई पुनः एकतावद्ध गर्दै अन्य सबै कम्युनिष्ट तथा समाजवादी पार्टीहरुलाई पनि राष्ट्रको एकता र समृद्धिका लागि एकतावद्ध गरौं !

**प्रिय कमरेडहरु !**

नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख सामाजिक आर्थिक रुपान्तरणबाट लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समृद्ध समाजवाद निर्माण गर्ने रणनीतिक योजना कार्यान्वयन गर्नु, परिवर्तन र विकासमा संलग्न हुन चाहने नेपाली जनताको यतिवेला प्रमुख कार्यभार बनेको छ । अब हामीले यो प्रमुख कार्यभार पुरा गर्ने रणनीतिक योजनामा सहमत सबै कम्युनिष्ट तथा समाजवादी पार्टी वा समूहहरुसंग संलग्न भई पार्टी एकता संयोजन समितिको निर्माण गर्नेछौं । यही संयोजन समितिले पार्टी एकता वार्ता कमिटी निर्माण गर्नेछ र हामी नेकपा (एमाले), नेकपा (एकीकृत समाजवादी) र नेकपा (माओवादी केन्द्र) संग पार्टी एकताका निम्ति वार्ता शुरु गर्नेछौं । त्यसैगरी जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा लगायतका कम्युनिष्ट तथा समाजवादी पार्टी तथा समूहहरुसंग पार्टी एकता वा कार्यगत एकताका निम्ति वार्ता अगाडि बढाउने छौं । सो पनि सम्भव नभएको अवस्थामा सम्भव हुनसक्ने पार्टीहरुसंग पार्टी एकताको प्रस्ताव राख्ने छौं । हाम्रो प्रस्ताव मान्य भयो भने २०७५ साल जेठ ३ मा एकीकृत भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को पुनरोदय हुनेछ । साथै अब निर्माण हुने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्थापना कालको नेपाल कम्युनिष्ट पार्टीको सच्चा उत्ताधिकारी हुनेछ । हामी पनि सोही पार्टीमा सगौरव एकीकृत हुनेछौं । साथै पुनःएकीकृत भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा तथा अन्य कम्युनिष्ट पार्टी वा समूहहरुसंग कार्यगत एकता गर्नेछौं । त्यसपछि नेपाली विशेषताको समाजवाद निर्माणका निम्ति अभूतपूर्व शक्ति निर्माण हुनेछ । पुनर्गठीत नेपाल कम्युनिष्ट पार्टीमा एकीकृत हुने अवस्थामा संविधान संशोधन लगायत यसवीच हामीले विकास गरेका नयाँ विचारहरुलाई छलफलका निम्ति प्रस्ताव गरिने छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को पुनः एकीकरणका निम्ति २०७५ साल जेठ २ गते नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का वीच भए-गरिएका सहमति र समभ्रदारीका शर्तहरुलाई केही संशोधन सहित अगाडि सार्न हामीले उपयुक्त ठानेका छौं । तदनुरुप दुई अध्यक्ष रहने व्यवस्थाका ठाउँमा एक मात्र अध्यक्ष रहने व्यवस्था सही रहेको हाम्रो अनुभवले सावित गरेको छ । तसर्थ पुनःएकीकृत पार्टीमा एक अध्यक्ष र एक सह अध्यक्ष अथवा मानार्थ अध्यक्ष र कार्यकारी महासचिवको व्यवस्था उपयुक्त हुनेछ । एकता महाधिवेशनबाट साभ्रा समभ्रदारीमा अरु कुनै विकल्पमा जान पनि सकिने छ ।

पुनः पार्टी एकता सम्पन्न नहुँदासम्म पार्टी एकता समन्वय समिति हाम्रो नेतृत्व केन्द्रका रुपमा रहनेछ । समन्वय समिति र यसमा संगठीत हुने व्यक्तिहरुलाई मार्गदर्शन गर्ने सिद्धान्तका रुपमा मार्क्सवाद लेनिनवाद र जनताको बहुदलीय जनवाद रहनेछ। समन्वय समितिको कार्यक्रम बहुदलीय समाजवाद हुनेछ। पार्टी एकता प्राप्त नहुँदासम्म दैनिक जीवनमा हामीलाई मार्गदर्शन गर्ने नीति, आचारसंहिता र प्रतिवद्धताहरु निम्नानुसार हुनेछन् ।

१. ऐतिहासिक संविधान सभाबाट निर्माण गरिएको नेपालको संविधानलाई पालना गरेर हामीले यसको संरक्षण गर्नेछौं । राष्ट्रले आवश्यकता महशुस गर्दा संविधान संशोधन हुन सक्नेछ। तर संशोधन नहुँदासम्म संविधानका विद्यमान प्रावधानहरु नै क्रियाशील हुनेछन् । सर्वोच्च अदालतको संवैधानिक इजलाशले गरेको व्याख्या संविधानको अभिन्न अंगका रुपमा पालना गरिनेछ।

२. विभाजित अवस्थामा रहको नेपाल कम्युनिष्ट पार्टीलाई पुनः एकतावद्ध गर्ने तथा यसको संलग्नतामा शक्तिशाली संयुक्त मोर्चा निर्माण गर्नु हाम्रो मुख्य कार्यभार हुनेछ। त्यसका निम्ति हामीले अन्तिम समयसम्म प्रयत्न गरिरहने छौं। आवश्यकता पर्दा पार्टी एकता गर्न जस्तोसुकै त्याग गर्न तयार हुनेछौं ।

३. बहुदलीय समाजवाद हाम्रो कार्यक्रम हुनेछ । त्यसको मुख्य विशेषता बहुदलीय प्रतिस्पर्धाको राजनीतिक प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार, संविधानको सर्वोच्चता, लोककल्याणकारी राज्य, कानूनको राज, मानव अधिकारको प्रत्याभूति र मौलिक अधिकार सहितको समृद्ध समाजवाद हुनेछ।

४. जनवादी केन्द्रीयताको संगठान्तमक सिद्धान्त बमोजिम पार्टी एकता संयोजन समितिका सबै अंगहरु संचालित हुनेछन्। सामुहिक निर्णय र व्यक्तिगत उत्तरदायीत्वको नेतृत्व प्रणाली अवलम्बन गरिनेछ। कुनै पनि समितिमा मतभिन्नता उत्पन्न हुँदा बहुमतको निर्णय समितिको निर्णय मानिनेछ। हरेक समिति सदस्य कुनै न कुनै समितिमा संगठीत हुनुपर्ने, समितिमा मत विभाजन हुँदा बहुमतको निर्णयलाई समिति निर्णय मान्नुपर्ने, तल्लो समिति माथिल्लो समिति मातहत रहने र सम्पूर्ण सदस्यता केन्द्रीय समितिका मातहत रहने तथा पूर्व निर्धारित समयमा समितिका बैठक, भेला, सम्मेलन, अधिवेशन र महाधिवेशन आयोजना गर्ने प्रणाली जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्तको संरचना हुनेछ।

५. संयोजन समितिले अवलम्बन गर्ने कुनै पनि नीति, योजना र कार्यक्रम निर्माण गर्दा समितिहरुमा आवश्यक छलफल गरिनेछ। गम्भीर मतभिन्नता उत्पन्न भएका बखत आवश्यक पर्दा राष्ट्रव्यापी छलफल संचालन गर्न सकिनेछ।

६. संयोजन समितिमा आलोचनात्मक दृष्टिकोण विकास गर्न समितिहरुमा आलोचना र आत्मालोचनालाई प्रोत्साहन गरिनेछ । कुनै पनि नेतालाई देवत्वकरण हुन दिइनेछैन। हुकुमी, अपमानकारी, तुच्छ र गालिगलौजको व्यवहार वर्जित गरिनेछ।

७. केन्द्रीकृत नेतृत्व र विकेन्द्रीत अधिकारले युक्त श्रृखंलावद्ध कमिटी प्रणालीमा आवद्ध केन्द्रदेखि स्थानीय तहसम्म संयोजन समिति रहने गरी संरचनाको ढाँचा हुनेछ । विधानबमोजिम सबै तहका समितिहरुले आफ्नो अधिकार र कर्तव्य पालना गर्नेछन् । कुनै पनि समितिका अधिकार र कर्तव्य माथिल्लो समितिले समेत उल्लघंन गर्न पाइनेछैन। सबै समितिले माथिल्लो समितिका निर्देशन पालना गर्नेछन् ।

८. केन्द्र, प्रदेश र पालिका तहमा अधिकार प्राप्त श्रृखंलावद्ध समितिहरु रहनेछन् । जिल्लामा समन्वय समिति रहनेछ। आवश्यकता बमोजिम निर्वाचन क्षेत्रमा पनि समन्वय समिति निर्माण गर्न सकिनेछ। पालिका समितिका मातहत वडा समिति लगायत विधान बमोजिम अन्य समितिहरु पनि रहनेछन् ।

९. कुनै पनि समितिमा उसको कार्यक्षेत्रमा कामको आवश्यकता बमोजिम संख्या राखिने छ । समितिमा संगठीत हरेक सदस्यको छुट्टाछुट्टै जिम्मेवारी हुनेछ। काम विहीन रहनेगरी समितिमा सदस्य संख्या राख्न नपाइने व्यवस्था गरिनेछ।

१०. हरेक समिति सदस्यहरुले गरेका कामको अभिलेख राख्ने व्यवस्था गरिनेछ। सो को जानकारी माथिल्लो समितिमा पठाउनु पर्नेछ। त्यसरी प्राप्त कामको विवरण माथिल्लो समितिमा समेत अभिलेखीकरण हुनेछ । उनीहरुले गरेको कामको आधारमा मुल्याँकन गर्ने व्यवस्था हुनेछ।

११. सदस्यता प्राप्त हरेक व्यक्ति अनिवार्य संगठीत हुनुपर्नेछ। बृद्ध र अशक्त व्यक्तिहरुको समिति सदस्यता संगठीत नभए पनि कायम राखिनेछ। तर काम गर्न सक्ने अवस्था हुँदाहुँदै पनि जिम्मेवारी नलिने र संगठीत हुन नचाहने सदस्यको सदस्यता खारेज हुनेछ।

१२. सिंगो संयोजन समितिलाई उत्पादन र निमार्णमा आधारित गराइनेछ । राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता, स्वाधिनता र अखण्डका निम्ति आवश्यकता पर्दा आफुलाई बलिदान गर्न तयार हुने भावना प्रत्येक समिति सदस्यमा विकास गरिने छ। समितिका पूर्णकालिन सदस्य बाहेक सबै नेता, कार्यकर्ता तथा सबै सदस्यहरु कुनै न कुनै व्यवसायमा आवद्ध हुनुपर्ने व्यवस्था लागु गरिनेछ।

१३. केन्द्रीय समिति, प्रदेश समति, जिल्ला समन्वय समिति र पालिका समितिले मुनाफा आर्जन हुने कुनै न कुनै व्यवसाय संचालन गर्नेछन् । त्यसरी आर्जन गरिने रकमबाट सोही तहमा समिति कोष खडा गरिनेछ। कोषमा रहेको रकम संयोजन समितिको गतिविधि संचालनमा खटिएका पूर्णकालिन व्यक्तिहरुको पारिश्रमिक र अन्य काममा खर्च गरिनेछ। संयोजन समितिले संचालन गरेका हरेक व्यवसायबाट सम्बन्धित तहको सरकारले लगाएको कर अनिवार्य तिर्ने व्यवस्था गरिनेछ।

१४. संयोजन समितिका केन्द्र, प्रदेश, पालिकामा आवश्यकता बमोजिम पारिश्रमिक सहितका पूर्णकालिन कार्यकर्ता रहनेछन् । पूर्णकालिन कार्यकर्ता छुट्टै व्यवसायमा संलग्न हुन पाउनेछैनन्। पूर्णकालिन काममा लाग्ने व्यक्तिलाई उनको समपर्णभावका लागि समितिले सधैं सम्मान गर्नेछ।

१५. संयोजन समिति र यस अन्तरगतका विभिन्न जनवर्गीय तथा पेशागत संगठनमा संगठीत र विभिन्न आयआर्जन गर्ने व्यवसायमा संलग्न तथा संयोजन समितिमा संगठीत नभएका तर आफुलाई समितिको समर्थक, शुभचिन्तक भएको सार्वजनिक जानकारीमा आएका व्यक्तिहरु बाहेक अरु कसैसंग चन्दा संकलन गरिनेछैन । चन्दा दिने हरेक व्यक्तिले बैंक मार्फत समितिको खातामा रकम पठाउनेछन् र बैंक भौचर वा अनलाइनबाट जानकारी दिनेछन् ।

१६. संयोजन समितिका यावत संरचना संचालनका लागि छुट्टै विधान जारि गरिनेछ। सो विधान पार्टी एकता संयोजन समिति संचालनका निम्ति मुख्य दस्तावेज हुनेछ। विधानलाई समितिका सदस्यहरुले निशर्त पालना गर्नेछन् ।

१७. संयोजन समितिका सम्पूर्ण सदस्यहरुले समाजवादी संस्कृति अवलम्बन गर्नेछन। समितिका कुनै पनि तहका नेता, कार्यकर्ता र सदस्यहरुले समाजका कुनै पनि व्यक्तिसित व्यवहार गर्दा निजको व्यक्तित्वमा अपमान हुने व्यवहार गर्ने छैनन, कुनै पनि अवस्थामा कसैमाथि भेदभाव, छुवाछुत, उचनीचको व्यवहार गर्नेछैनन्, श्रमजीवी र कुनै प्रकारको श्रमप्रति घृणा प्रकट गर्नेछैनन्, कसैलाई कस्तै अवस्थामा

गालिगलौज गर्नेछैनन्, सामूहिक भावना प्रतिविम्वित हुने अभिव्यक्ति दिनेछन्, घुसखोरी, कालाबजारी, करछली सहितका कुनै पनि भ्रष्टाचार तथा व्यभिचारजन्य काममा संलग्न हुनेछैनन् । अफ्ठेरोमा परेका व्यक्तिलाई सहयोग गर्नेछन् । आफ्ना मागहरु प्राप्त गर्ने नाममा स्कूल, कलेज, कारखाना, अस्पताल र अन्य उत्पादनका क्षेत्रहरु बन्द गराउने, राजमार्ग वा अन्य मार्ग बन्द गराउने, चक्काजाम गर्ने, नेपाल बन्द गर्ने जस्ता आन्दोलनका रुपहरु अवलम्बन गर्नेछैनन । राज्यका ऐन कानूनहरुको पालना गर्नेछन् । मर्यादित जीवन बिताउने छन् ।

## नेपालको संविधानमा आवश्यक संशोधन

उपयुक्त समय र शक्ति निर्माण भए पछि नेपालको संविधानमा आवश्यक संशोधन गरी निम्नानुसारका प्रावधानहरु समावेश गरिनेछ,

१) नेपाल एक मात्र राज्य र एकमात्र राष्ट्रमा विकसित भएको मुलुक हो । तदनुरुप नेपालमा लागु गरिएको संघीयतालाई आवश्यक परिमार्जन गरिने छ ।

२) प्रधानमन्त्रीका ठाउँमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीको शासकीय स्वरुप अवलम्बन गरिने छ ।

३) पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु गरिने छ ।

४) व्यक्ति निर्वाचित हुने प्रणालीको ठाउँमा पार्टी निर्वाचित हुने प्रणाली अवलम्बन गरिनेछ ।

५) संघीयताका तीनै तहका निर्वाचनमा एकै पटक विद्युतीय प्रणालीबाट मतदान गर्ने व्यवस्था लागु गरिनेछ ।

६) प्रतिनिधि सभा, प्रदेश सभा, र पालिका सभाका सदस्यका उम्मेद्वारहरुको नाम बन्द सूचीका आधारमा निर्वाचन कार्यालयमा पहिले नै दाखिला गर्ने व्यवस्था हुनेछ । तर राष्ट्रपति, मुख्यमन्त्री र पालिका अध्यक्षका उम्मेद्वारहरुको नाम भने प्रकासित हुनेछ ।

७) राष्ट्रपति, मुख्यमन्त्री र पालिका अध्यक्ष पदमा मात्र स्वतन्त्र उम्मेद्वारी दिन पाउने व्यवस्था गरिने छ ।

८) निर्वाचनमा राष्ट्रपति, मुख्यमन्त्री, पालिका अध्यक्षले उम्मेद्वारी दिन सम्बन्धित तहका कुल मतदाताको एक प्रतिशत मतदाताले समर्थन गरेको प्रमाण पेश गर्नुपर्ने छ ।

९) राष्ट्रपति, मुख्यमन्त्री र पालिका अध्यक्ष निर्वाचित हुन आफ्नो तहमा खसेको मतको ५० प्रतिशत बढि मत प्राप्त गर्नुपर्नेछ ।

१०) विदेशमा रहेका मतदाताले पनि त्यहाँ रहेको दुतावासले गरेको व्यवस्था बमोजिम मतदान गर्न पाउने व्यवस्था हुनेछ । मतदानको पूर्ण विवरण सहितको सूचना विद्युतीय माध्यमबाट ६ घण्टाभित्र निर्वाचन आयोगको कार्यलयमा पठाउने व्यवस्था गरिनेछ ।

११) राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय पालिका सभाका सदस्यहरुबाट मन्त्री बन्न नपाउने व्यवस्था लागु गरिनेछ ।

१२) राष्ट्रपति र मुख्यमन्त्रीले विज्ञताका आधारमा मन्त्रीमण्डल निर्माण गर्नेछन् । तर पालिका अध्यक्षले विज्ञताका आधारमा विभागीय प्रमुख नियुक्त गर्ने व्यवस्था गरिनेछ ।

१३) संघीय संसद्लाई संविधान संशोधन गर्ने, ऐन कानून निर्माण गर्ने, संशोधन गर्ने र राष्ट्रपति, उपराष्ट्रपति, सर्वोच्च अदालतका प्रधानन्यायाधिश तथा न्यायाधिशरु, सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, संवैधानिक आयोगका पदाधिकारी तथा सदस्यहरुमाथि महाअभियोग लगाउन सक्ने अधिकारको व्यवस्था गरिनेछ ।

१४) प्रदेश सभालाई मुख्यमन्त्री र उपमुख्यमन्त्री माथि महाअभियोग लगाउने अधिकार हुनेछ ।

१५) पालिका सभालाई पालिका अध्यक्ष र उपाध्यक्ष माथि महाअभियोग लगाउने अधिकार हुनेछ ।

१६) पहिलो २ वर्षसम्म महाअभियोग लगाउन नपाइने, महाअभियोग प्रस्ताव वर्षको एकपटक भन्दा बढी प्रस्तुत गर्न नपाइने व्यवस्था गरिनेछ । महाअभियोग प्रस्ताव दर्ता भएको ३० दिनभित्र टुंगो लगाउने व्यवस्था गरिनेछ ।

१७) निर्वाचन सम्पन्न भए पछि राष्ट्रपतिले उपराष्ट्रपति, मुख्यमन्त्रीले उपमुख्यमन्त्री र पालिका अध्यक्षले उपाध्यक्ष मनोनित गर्ने व्यवस्था हुनेछ। मनोनित भइसके पछि उनीहरुलाई महाअभियोगबाट मात्र हटाउन सकिने व्यवस्था हुनेछ।

## बहुदलीय समाजवाद समितिको कार्यक्रम

बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली अन्तरगत वैज्ञानिक समाजवाद निर्माण गर्ने रणनीतिक योजनालाई बहुदलीय समाजवाद नामाकरण गरिएको छ। समितिको कार्यक्रमका सम्बन्धमा छुट्टै दस्तावेज रहेकाले यसमा विस्तृत विवरण प्रस्तुत गरिएको छैन। त्यसमा १० वर्षमा प्रतिव्यक्ति आम्दानी १५ हजार अमेरिकी डलर पुग्ने गरी उत्पादन, निर्माण र विकासको योजना नीति र कार्यक्रम प्रस्तुत गरिएको छ। संक्षिप्तमा समिति कार्यक्रमलाई निम्नानुसार प्रस्तुत गरिन्छ :-

१. नेपालको संविधानले सुनिश्चित गरेको प्रत्येक परिवारले आवास, रोजगारी, शिक्षा, स्वास्थ्य सेवा र शुद्ध पिउने पानी निशुल्क प्राप्त गर्ने व्यवस्था लागु गरिनेछ। काम गर्न पाउने उमेर पुगेका बेरोजगार व्यक्तिले बेरोजगार भत्ता पाउने व्यवस्था लागु गरिनेछ। (यसलाई हाल परिवारमा एक जनाले सो सुविधा प्राप्त गर्नेछन्।)

२. आर्थिक विकासका साथै समाजवादी संस्कृति पनि निर्माण गरिने छ।

३. देशभित्रका संविधानसम्मत निर्माण भएका सबै राजनीतिक पार्टी र तिनका नेता तथा तिनका कार्यकर्ताहरुलाई कसैले शत्रुवत व्यवहार गर्न नपाइने, गालिगलौज गर्न नपाइने आचार संहिता कडाइका साथ लागु गरिने छ।

४. नेपालसंग मित्रवत व्यवहार गर्ने जुनसुकै राष्ट्रलाई समितिका सदस्य कसैले पनि सिद्धान्तको नाममा शत्रुवत सम्बोधन र अन्य व्यवहार गर्न नपाइने आचार संहिता लागु गरिने छ।

५. नेपालले संसारका सबै राष्ट्रहरुसंग मित्रतापूर्ण सम्बन्ध विकसित गर्नेछ। साथै जनवादी गणतन्त्र चीन, गणतन्त्र भारत र संयुक्त राज्य अमेरिकासंग मित्रवत र घनिष्ट सम्बन्ध विकसित गर्ने कोशिस गर्नेछ।

६. नेपालले परम्परादेखि अवलम्बन गर्दै आएको स्वतन्त्र, तटस्थ, असंलग्न तथा मित्रतापूर्ण परराष्ट्र नीति दृढतापूर्वक अवलम्बन गर्नेछ।

पार्टी एकता समन्वय समिति, पार्टीमा रुपान्तरण हुनुभन्दा पहिलेको अस्थाई संरचना हुनेछ । रुपान्तरण नहुँदासम्म संयोजन समितिका सम्पूर्ण संरचना र दस्तावेजहरु पार्टी सरह रहनेछन् । समितिका सदस्यहरु पनि पार्टी सदस्य सरह क्रियाशील रहनु पर्नेछ ।

हाम्रो प्रयत्नका वावजुद नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पुनर्एकीकरण हुन सकेन भने पार्टी एकता समन्वय समितिको बैठकबाट आवश्यक निर्णय गरिने छ । धन्यवाद सहित !

११ आषाढ, २०७९

**वामदेव गौतम**
संयोजक
नेकपा एकता राष्ट्रिय अभियान